# लूतो

## लूतो भनेको के हो?

लूतो भनेको माइट भनिने सूक्ष्म परजीवीहरूको कारणले हुने सामान्य प्रकारको सरुवा रोग हो।

## लूतोका लक्षणहरू के के हुन्?

लूतोको कीटाणुहरू छाला मुनि पसेर छालामा उत्तेजना, बेसरी चिलाउने, र डन्डीफोर जस्तो देखिने स-साना गाँठोहरू उत्पन्न गराउँछ। तरल पदार्थले भरिएको लहरै रेखाहरू जस्तो देखिने यी डन्डीफोरहरू औँलाको काप तथा नाडी, कुहिनो, काखी, वक्षस्थल, कम्मर, गुप्ताङ्ग, तिघ्रा, दूधको मुन्टो, नितम्बको तल्लो भाग र पेटमा देखा पर्छन्। विशेष गरि राति निकै बढी चिलाउँछ। शरीरको कुनैपनि भागमा डाबर पनि आउन सक्छ।

## मानिसलाई लूतो कसरी सर्छ?

यो रोग लागेको कुनै व्यक्तिलाई छोएमा मानिसलाई लूतो सर्नसक्छ; लूतो सङ्क्रमित व्यक्तिसँग छालाको प्रत्यक्ष सम्पर्कबाट सर्छ। सङ्क्रमित व्यक्तिको कपडा वा ओढ्ने ओछ्याउने लुगाहरू छोएर पनि एक व्यक्तिबाट अर्कोमा लूतो सर्न सक्छ। यो रोग छालाको सम्पर्कबाट सर्ने हुनाले, यो यौन सम्पर्कबाट पनि सर्न सक्छ।

## लूतोका लक्षणहरू कति चाँडो देखा पर्छन्?

सामान्यतया व्यक्तिको पहिलो सम्पर्कबाट 2 देखि 6 हप्तामा लूतोका लक्षणहरू देखा पर्छन्। एक पटक भन्दा बढी यसको सम्पर्कमा आएको व्यक्तिले यस्तो पुनः सम्पर्कको 1 देखि 4 दिन भित्र लक्षणहरू थाहा पाउन सक्छ। सङ्क्रमित व्यक्तिमा कुनै लक्षणहरू नदेखिए तापनि यिनीहरूद्वारा अन्य मानिसहरूमा लूतो फैलिन सक्छ भन्ने ध्यान राख्न जरुरी छ।

## कति समय सम्म एक व्यक्तिबाट अर्कोमा लूतो सर्न सक्छ?

कुनै सङ्क्रमित व्यक्तिमा भएको सम्पूर्ण कीटाणु तथा यसका अण्डाहरू उपचारद्वारा नष्ट नभएसम्म अन्य मानिसहरूमा लूतो सर्न सक्ने हुन्छ। साधारणतया, प्रथम पटक उपचार प्राप्त गरेको 24 घण्टा पछि यो रोग अर्कोमा सर्ने गर्दैन।

## लूतोको निदान कसरी गरिन्छ?

एकजना चिकित्सकले लूतोको निदान गर्न सक्छन्। कुनै व्यक्तिलाई लूतो भए नभएको हेर्नलाई चिकित्सकले कहिलेकाहीँ छालाको साना टुक्राहरू निकालेर लूतोको कीटाणु पत्ता लगाउन माइक्रोस्कोपमा हेर्ने गर्छन्। कहिलेकाहीँ चिकित्सकले मानिसको छालामा हेरेर मात्रै पनि लूतो भएको पत्ता लगाउन सक्छन्।

## लूतोको रोकथाम कसरी गर्न सकिन्छ?

सङ्क्रमित व्यक्ति तथा उनीहरूको सरसामान विशेष गरि कपडा वा ओढ्ने ओछ्याउने लुगासँग शारीरिक सम्पर्कबाट बच्नाले लूतो लाग्न पाउँदैन। चाँडो निदानका साथै सङ्क्रमित व्यक्ति र सम्पर्कमा आएको वस्तुहरूको उचित उपचारद्वारा लूतो फैलिनबाट रोक्न सकिन्छ।

## लूतोको उपचार के हो?

लूतोको उपचारमा प्रयोग हुने औषधिलाई *स्क्याबिसाइड्स* भनिन्छ किनभने यिनीहरूले लूतोको कीटाणुलाई मार्ने गर्दछन्; र केहीले अण्डा पनि नष्ट गर्छन्। लूतोको उपचार इभरमेक्टिन (खाने औषधि) वा परमेथ्रिन (शरीरमा लगाउने मलहम) द्वारा गर्न सकिन्छ। शिशु तथा बाल बालिकाहरूका लागि 5% परमेथ्रिनको सुझाव गरिन्छ। चिकित्सकले सर्वोत्तम उपचारबारे निर्णय गर्न सक्छन्। चिकित्सकले भनेको, औषधि पसलेले भनेको, र औषधिको लेबलमा दिइएको निर्देशनहरूको सदा सटीक पालन गर्नुपर्छ; औषधिको प्रयोग बढी भएमा विषालु हुनसक्छ। निदान गरेपछि सङ्क्रमित व्यक्तिलाई चिकित्सकले लेखेको औषधिअनुसार सकेसम्म चाँडै उपचार गराइ हाल्नुपर्छ। लूतोका लागि कुनैपनि सजिलै पाइने ओभर-द-काउन्टर औषधिहरू छैनन्। पशुहरूका लागि भनिएको औषधिलाई कहिल्यैपनि मानिसहरूका लागि प्रयोग गर्नु हुँदैन।

ठूला मानिसहरूका लागि, घाँटी र टाउको बाहेक शरीरको सम्पूर्ण भागमा लूतोको क्रीम वा मलहम लगाउनुपर्छ; शिशु तथा साना बच्चाहरूका लागि घाँटी र टाउको समेत शरीरको सम्पूर्ण भागमा लगाउनुपर्छ। औषधिलाई शरीरमा प्रस्तावित अवधिका लागि लगाइ राख्नुपर्छ र त्यसपछि नुहाएर पखाल्नुपर्छ; उपचारपछि सफा कपडा लगाउनुपर्छ। ओढ्ने ओछ्याउने, लुगाफाटा, भित्री लुगाहरू र तन्नाहरू राम्ररी धोएर सुकाउनुपर्छ। सजिलै धुन र सुकाउन नसकिने व्यक्तिगत सरसामानहरूलाई प्लास्टिकको थैलीमा बन्द गरेर कमसेकम 5 दिनसम्म राख्नुपर्छ। भुइमा पोछा लगाउनुपर्छ र कार्पेट र फरनिचरहरूमा भ्यक्युम गर्नुपर्छ।

सङ्क्रमित व्यक्तिले, प्रथम पटकको उपचारपछि 24 घण्टा सम्म सामाजिक कृयाकलापहरूमा, जस्तै काममा वा स्कूल जानु हुँदैन। उपचारपछि 1-2 हप्तासम्म चिलाउनु सामान्य कुरा हो। यदि 2-4 हप्तापछि पनि चिलाई रहेमा उपचार पुनः दोहोऱ्याउनु पर्छ।

सङ्क्रमित व्यक्तिको घरको अन्य सदस्यहरू तथा यौन साथीहरूले पनि लूतोको उपचार गराउने सुझाव गरिन्छ; पुनः सङ्क्रमण हुन नदिनलाई प्रत्येक व्यक्तिले एकै समयमा उपचार गराउनुपर्छ।

**लूतोबारे बढी जानकारीका लागि हेर्नुहोस्:**
**http://cdc.gov/scabies/**